KANTIPUR Monday, January 30, 2006

## देउराली जनता सोह्रौं वर्षमा

# सहयोग पाए आयात प्रतिस्थापन हुने

कान्तिपुर संवाददाता

काठमाडौं, १६ माघ- देउराली जनता फर्मास्यूटिकल्स प्रालि १६ औं वर्षमा प्रवेश गरेको छ । यो कम्पनीले अन्तर्राष्ट्रियस्तरका गुणस्तर चिन्ह आइएसओ ९००१, आइएसओ १४००१ र डब्लुएचओ जीएमपी प्राप्त गरेको छ ।

कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले कम्पनीले नयाँ नयाँ प्रविधि भित्र्याउनुका साथै उद्योगमा कार्यरत दक्ष जनशक्तिको विकास गरेको जानकारी आइतबार आयोजित कार्यक्रममा दिनुभयो ।

उहाँले विश्वका विभिन्न देशले औषधि उद्योगका लागि दिएका सुविधाको तुलनामा यहाँका उद्योगलाई एक चौथाइमात्र दिए आयात प्रतिस्थापन गर्न सकिने दावी गर्नुभयो ।

उहाँले सरकारले औषधि उद्योगलाई सुविधा दिन कन्जुस्याइँ गरेकाले यो क्षेत्रको विकास हुन नसकेको बताउनुभयो । मुलुकमा कम गुणस्तरका औषधि बिक्री भइरहेकोतर्फ संकेत गर्दै उहाँले सरकारले प्रभावकारी अनुगमन गर्न नसकेको र स्वदेशी उद्योगको प्रवर्द्धनका लागि कुनै प्रयास नगरेको आरोप लगाउनुभयो ।

औषधि व्यवस्था विभागका निर्देशक भूपेन्द्रबहादुर थापाले अहिले देशमा कम गुणस्तरीय औषधि बिक्री भएको अप्रत्यक्ष रुपमा स्वीकार गर्दै आगामी एक वर्षभित्र यसलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ भन्नुभयो । 'स्वदेशी औषधि उत्पादक तथा व्यवसायीहरूसँग मिलेर सरकारले एक वर्षभित्र नेपालमा कम गुणस्तरीय वस्तुको बिक्री पूर्ण रुपमा नियन्त्रण गर्नेछ', उहाँले भन्नुभयो ।

उहाँले औषधि क्षेत्रमा सबै कम्पनीले गुणस्तरीय वस्तु उत्पादन गर्नैपर्ने आवश्यकता औंल्याउँदै खुल्ला सिमानाबाट कम गुणस्तरीय औषधि भित्रने क्रमलाई रोक्न बिक्रेताको सहयोगको अपेक्षा राख्नुभयो । उहाँले नेपाली कम्पनीहरूलाई एकै प्रकारका औषधि उत्पादन गरेर आपसमा प्रतिस्पर्धा गर्नुभन्दा फरक र विशिष्ट प्रकारका उत्पादन गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्माले औषधि कम्पनीहरूको क्षमता उपयोग, उत्पादकत्व र गुणस्तर अभिवृद्धिका लागि सरकारले सहयोग गर्ने बताउनुभयो ।




देउराली जनताको फर्मास्यिुटिकल्सको पन्ध्रौं वार्षिकोत्सवको अवसरमा आइतबार आयोजित कार्यक्रमका सहभागी । तस्वीर : कान्तिपुर